# अनुसूची

# आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन

१. मुद्रणमा भएको त्रुटीका कारण आयोजना कार्यक्रमको नाम फरक परेको अवस्थामा जिविस बोर्ड बैठकबाट आवश्यक सुधार गरी कार्यान्वयन गर्न सकिने ।

२. कुनै आयोजना कार्यक्रमको नाममा शब्दगत त्रुटी भई आयोजनाको कार्यक्षेत्र, लम्बाई तथा लागतमा कुनै फरक पर्ने भएमा जिविस बैठकको निर्णय सहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्वीकृतिमा सच्याउन सकिने ।

३. आयोजनाको नाम, रकम वा क्षेत्र एक आपसमा गाभ्नु पर्ने भएमा जिल्ला विकास समितिबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्वीकृतिमा जिविसबाट सच्याउन सकिने ।

४. जिविसको योजनामा परेका, अन्य मन्त्रालयहरु (शहरी विकास, भौतिक योजना, शान्ति तथा पुननिर्माण आदि) का योजनामा पनि समावेश भई दोहोरो परेका योजनाको हकमा एकीकृत रुपमा वा च्यानेज तोकी कार्यान्वयन गर्ने ।

५. व्यवस्थापिका संसदमा प्रस्तुत भएको संलग्न अनुसूचीका योजनालाई स्थानीय निकायले उपर्युक्त बाहेक अन्य तरिकाबाट थपघट वा संशोधन गर्न नहुने ।

६. जिल्ला सडक गुरुयोजनामा एकै नाम र संकेत नम्बर (कोड) रहेका तर संलग्न पुस्तिकामा टुक्रा वा खण्ड खण्ड गरी कार्यक्रम/योजना समावेश भएको हकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहमति प्राप्त गरी सडक र बजेटलाई एकिकृत गरी जिविसले संचालन गर्न सक्ने ।

७. व्यक्तिका नामका थर जोड्ने सडकलाई सामूहिक साझा पहिचानयुक्त नामले सम्बोधन गर्ने ।